# नेपाल राष्ट्र बैंक

## सिद्धार्थनगर कार्यालय

### बगैचाको मर्मत, संभार (पुनसंरचना) बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७३/१०/२३**

यस कार्यालयको पूर्व, उत्तर र दक्षिणतर्फ बगैचाको मर्मत, संभार (पुनसंरचना) गर्ने कार्य ठेक्का दिई गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक कालोसूचीमा नपरेका व्यक्ति/फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१ सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) बैकिङ्ग कारोवार समय ३:०० बजे भित्र यस बैंकको सिद्धार्थनगर कार्यालय, सिद्धार्थनगरबाट रु.५००।०० (अक्षरेपी पांच सय मात्र) तिरी (पछि फिर्ता नहुने) खरिद गर्न सकिने छ । त्यसरी खरिद गरेको र आधिकारिक दस्तखत, छाप भएको फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

२ दरभाउपत्र फाराम साथ दरभाउपत्र जमानत रकम रु.२०,०००।०० (अक्षरेपी बीस हजार मात्र) यस कार्यालय स्थित खाता नं १९०९९९९/०११-००२-५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

३ दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको दिउँसो १२:०० बजेभित्र यस बैंकको सिद्धार्थनगर कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । दरभाउपत्र फारम बुझाउंदा सिलबन्दी खामको बाहिर नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरलाई सम्बोधन गर्नु पर्नेछ ।

४ दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिन दिउंसो २:०० बजे यस कार्यालयमा उपस्थित फर्म/संस्था/कम्पनीका अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्म/संस्था/कम्पनीका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

५ दरभाउपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ :

(क) फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति,

(घ) आ.ब.२०७२/०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रतिलिपी ।

६ दरभाउपत्र फारम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र दरभाउपत्र फारम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ ।

७ यसै सूचनाको दफा ५ बमोजिमका कागजातहरु संलग्न नभएको, विभिन्न शर्तहरु उल्लेख गरेको दरभाउपत्र कागजातमा दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) बमोजिम रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८ दरभाउपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय दरभाउपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

९ यो सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा समेत हेर्न सकिनेछ । यस सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय खुलेको सयमभित्र यस कार्यालयको आन्तरिक प्रशासन फांट, (फोन नं. ०७१-५२०२६८) सिद्धार्थनगर रुपन्देहीमा सम्पर्क राख्न सकिनेछ ।

**नेपाल राष्ट्र बैंक,**
**सिद्धार्थनगर कार्यालय**